नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार,काठमाडौं

फोन नं.:- ०१ -४२००२०१

पत्र संख्या:-०७४/७५

चलानी नं.:- ९६२

मिति :-२०७४/०७/२२

श्री जिल्ला प्राविधिक कार्यालय,

ताप्लेजुङ, पाँचथर, ईलाम,धनकुटा,तेह्रथुम,संखुवासभा र भोजपुर ।

**अत्यन्त जरुरी**

**विषय :-उन्नति कार्यक्रमको वैठकमा सहभागी हुन् ।**

डेनमार्क सरकारको अनुदानमा संचालित उन्नति समावेशी आर्थिक विकास कार्यक्रमको कार्यक्रम अवधि अनत्य हुन लाग्दा समेत भौतिक पूर्वाधार समभाग अन्तर्गतका योजनाहरुको कार्य प्रगति न्यून रहेको व्यहोरा विदितै छ । आ.व. २०७४/०७५, उन्नति कार्यक्रम सम्पन्न गर्नका निम्ति अन्तिम आर्थिक वर्ष रहेकोमा,पटक पटक पत्राचार एवं ताकेता गर्दाको बावजुद हालसम्म पनि सम्वन्धित निर्माण व्यवसायीहरुवाट सन्तोषजनक कार्य प्रगति नभएकोमा, कार्यक्रमलाई सफल रुपमा सम्पन्न गर्ने विषयलाई लिएर मन्त्रालय तथा डेनिस राजदुतावासको गम्भिर ध्यानाकर्षण भएको छ ।

उन्नति कार्यक्रमको कार्यक्रम कार्यान्वयन तथा न्यून कार्यप्रगति सम्वन्धमा मिति २०७४/०७/२० गते मन्त्रालयमा श्रीमान् सचिवज्यूको उपस्थितिमा डेनिस राजदुतावासका प्रतिनिधीसगँ वैठक वसेकोमा, उन्नति कार्यक्रमको कार्यान्वयन अन्तर्गतका समस्या तथा समाधानका निम्ति यहि कार्तिक २९ गते तपशिल वमोजिम स्थान तथा समयमा बैठक वस्ने निर्णय भएको छ । श्रीमान् सचिवज्यू स्वयं उपस्थित हुनुहुने सो गोष्ठिीमा तहाँ कार्यालयवाट प्रमुख जिल्ला ईञ्जिनियरले उन्नति कार्यक्रम हालसम्मको यथार्थ विवरणका साथ उपस्थित हुनुहुन तथा सम्वन्धित निर्माण व्यवसायीहरुलाई समेत अनिवार्य रुपमा ठेक्का सम्झौता अनुसारको जिम्मेवार व्यक्ति उपस्थित हुन आदेशानुसार जानकारी गराईन्छ ।

शाखा अधिकृत

**तपशिल :-**

स्थान : विराटनगर,(सम्पर्क ९८५२०६१८१७ , भूवनेश त्रिपाठी, (Senior Infrastructure Specialist)

समय : १ वजे देखि

मिति : २०७४/०७/२९

**वोधार्थ :**

- स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग -कार्यक्रममा जिल्लाका सम्वन्धित निमाण व्यवसायीलाई जानकारी गराउनुहुन तथा कार्यक्रम समन्वय गर्ने अधिकृत सहित उक्त वैठकमा उपस्थित हुन ।
- Management Contractor, Dharan
- Embassy of Denmark, Lazimpat
- श्री सुचना तथा विद्युत्तिय शासन शाखा :- यस वमोजिमको पत्र मन्त्रालयको वेभ साईटमा राखिदिनुहुन ।